मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
स्ट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
स्ट नं. २ : बेगनास ताल, रूपा ताल, इन्टरनेसनल माउन्टेन म्युजियम, पचभैया क्षमाजनु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९ फोन नं : 061-589012 544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २४६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ भाद्र ३१ गते मंगलबार ❑ 16 Sept. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## मन्त्रिपरिषद् विस्तार: तीन मन्त्रीको शपथ

रासस
काठमाडौं, ३० भाद्र

नवनियुक्त तीन मन्त्रीहरूले आज पद तथा गोपनीयताको शपथ लिनुभएको छ।

राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रपति कार्यालय शीतल निवासमा सोमबार आयोजित विशेष समारोहमा नवनियुक्त मन्त्रीहरू रामेश्वर खनाल, कुलमान घिसिङ र ओमप्रकाश अर्याललाई शपथ गराउनुभएको हो । राष्ट्रपति पौडेलले अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीको सिफारिसमा उहाँहरूलाई आइतबार साँझ नियुक्त गर्नुभएको हो । नवनियुक्त मन्त्रीहरूमध्ये खनाललाई अर्थ, घिसिङलाई ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकास, अर्याललाई गृह र कानुन, न्याय तथा



संसदीय मामिला मन्त्रालयको जिम्मेवारी तोकिएको छ । बाँकी मन्त्रालयको कार्यभार प्रधानमन्त्री कार्कीले नै सम्हाल्नुभएको छ।

खनाल पूर्वअर्थ सचिव, घिसिङ नेपाल विद्युत् प्राधिकरणका पूर्वकार्यकारी निर्देशक र अर्याल अधिवक्ता हुनुहुन्छ । खनालले आर्थिक सुधार र सुशासनका क्षेत्रमा काम गर्दै आउनुभएको छभने घिसिङले प्राधिकरणको जिम्मेवारीबाट हटेपछि नागरिकका आवाज उठाउँदै आउनुभएको छ । अधिवक्ता अर्यालले अख्तियार दुरुपयोग अनुसन्धान दुरुपयोगका तत्कालीन प्रमुख आयुक्त लोकमानसिंह कार्कीको नियुक्तिको अयोग्यतासम्बन्धी मुद्दामा पुनरावेदन हालेपछि उहाँ चर्चामा आउनुभएको थियो । नवनियुक्त मन्त्रीहरूले आजै सिंहदरबारमा पदबहाली गर्नुहुने जनाइएको छ । सो अवसरमा उपराष्ट्रपतिरामसहाययादव, प्रधानमन्त्री कार्की, प्रधानन्यायाधीशप्रकाशमानसिंह राउत, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल, पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराई, संवैधानिक निकायका प्रमुख तथा पदाधिकारी, नेपाल सरकारका उच्चपदस्थ अधिकृत, सुरक्षा निकायका प्रमुख तथा अधिकारीलगायत उपस्थित हुनुहुन्थ्यो ।

'जेनजी' समूहको आन्दोलन र उत्पन्न परिस्थितिका बीच राष्ट्रपति पौडेलले पूर्वप्रधानन्यायाधीश कार्कीलाई यही भदौ २७ गते अन्तरिम सरकारको प्रधानमन्त्रीमा नियुक्त गर्नुभएको थियो ।

## कास्कीमा यातायात व्यवस्था कार्यालय एक साता पछि मात्र खुल्ने

पोखरापत्र संवाददाता
पोखरा, ३० भाद्र

यातायात व्यवस्था कार्यालय कास्कीले आगामी एक साता पछि मात्र सेवा पुनः संचालन गर्ने भएको छ।

जेनजी आन्दोलनको क्रममा आगजनीबाट कार्यालय भवन सहित कार्यालयका महत्वपूर्ण कागजात तथा सामाग्रि एवं सवारी साधनहरु जलेर नष्ट भएसँगै कार्यालय व्यवस्थापन गरी एक हप्तामा पुनः संचालनमा ल्याउने तयारी भएको कार्यालय प्रमुख ढाकाप्रसाद शर्माले बताउनु भयो । दैनिक ५ सय जना सेवाग्राही आउने उक्त कार्यालयमा आवश्यक पर्ने केही सामाग्रिहरु पनि हाल नभएको अवस्थामा अस्थायी कार्यालय बाहिरको क्यान्टिन सहितको टहराबाट सेवा सुरु गर्ने तयारी गरिएको उहाँले जनाउनु भयो । सोमबार कार्यालयका कर्मचारी सहित स्थानियको सहयोगमा कार्यालयमा सरसफाई गरिएको छ । कार्यालयमा के कति क्षति पुगेको छ त्यसको विवरण संकलन कार्य समेत जारी रहेको प्रमुख शर्माले जनाउनु भयो । त्यसै गरी यातायात व्यवस्था कार्यालय लाइसेन्स शाखामा भने कर्मचारीहरु के गर्ने के नगर्ने अन्योलको अवस्थामा रहनु भएको छ । जेनजी आन्दोलनको क्रममा जलेको भवन तथा कार्यालयबाट केही डकुमेन्ट संकलन गरिएको छ भने मुचुल्का गरे पछि मात्र सरसफाई गर्ने भएको एक कर्मचारीले बताउनु भयो। यसैबिच, जिल्ला प्रशासन कार्यालय कास्कीमा सरसफाइ गरी हाल आंशिक सेवा सुरु गरिएको सहायक प्रमुख जिल्ला अधिकारी शिवप्रसाद लम्सालले बताउनु भयो । मुद्दा दर्ता, शान्ति सुरक्षा तथा विपद् व्यवस्थापन सम्बन्धी अत्यावश्यक सेवा सञ्चालनमा ल्याइएको उहाँले जनाउनु भयो । त्यसै गरी आन्तरिक राजश्व कार्यालय पोखराले पनि आइतबार र सोमबार सरसफाई गरेको छ । आन्दोलनको क्रममा आगजनीबाट भएको क्षतिको विवरण संकलन गर्दै आगामी केही दिनमै सेवा संचालन गर्ने तयारी गरिएको कार्यालय प्रमुख शिव ढुंगानाले बताउनु भयो।

कार्यालय परिसरमै अस्थायी कार्यालय स्थापना गरेर भए पनि सेवा संचालन गर्ने उहाँले जनाउनु भयो । कास्कीको मालपोत कार्यालयले भने सूचना जारी गर्दै तत्काल सेवा दिन नसकिने जनाएको छ । पोखरा महानगरपालिका यही असोज १ गते देखि संचालनमा आउने भएको छ भने केही वडाहरुमा सरसफाई गरिएको छ।

## गण्डकी प्रदेशका तीन सय ९९ फरार कैदीबन्दी फक्राउ

पोखरापत्र संवाददाता
पोखरा, ३० भाद्र

गत साताको जेनजी आन्दोलनका क्रममा गण्डकी प्रदेशका कास्की, तनहुँ, पर्वत र म्याग्दीका कारागारबाट फरार एक हजार १९५ कैदीबन्दीमध्ये आज साँझसम्म ३९९ कैदीबन्दी पक्राउ परेका छन्।

गण्डकी प्रदेश प्रहरी कार्यालयका सूचना अधिकारी तुलबहादुर कार्कीका अनुसार अझै ७९६ कैदीबन्दी फरार छन्। कास्की कारागारबाट ७७३ कैदीबन्दी भागेकामा २२५ जना पक्राउ परेका छन् । तनहुँ कारागारबाट भागेका ३२७ कैदीबन्दीमध्ये ११५ जना, पर्वत कारागारबाट भागेका १९ जनामध्ये नौ जना र म्याग्दी कारागारबाट भागेका ७६ मध्ये ५० जना पक्राउ परेका हुन् । जिल्ला प्रहरी कार्यालय, कास्कीको हिरासतबाट भागेका ८३ थुनुवामध्ये एक जना पक्राउ परेको प्रहरी वरिष्ठ उपरीक्षक कार्कीले बताउनुभयो।

पोखराको सराङकोटस्थित बाल सुधारगृहबाट भागेका १०६ जनामध्ये १८ जना पक्राउ परेका छन् । बाल सुधारगृहबाट भागेका ८८ जना अझै फरार छन् । फरार कैदीबन्दीमध्ये केही आफैं फर्किएको र केहीलाई खोजतलास गरी नियन्त्रणमा लिइएको हो। प्रहरी वरिष्ठ उपरीक्षक कार्कीले कारागारबाट भागेका कै दीबन्दीलाई आफैं फर्कन आग्रह गरिएको बताउनुभयो। "टोल छिमेक र समुदायमा कसैले भागेर गएका कै दीबन्दी र थुनुवा देखेमा प्रहरीमा खबर गर्न भनेका छौं", उहाँले भन्नुभयो। कारागार व्यवस्थापन विभागले कै दीबन्दी आफैं कारागार नफर्किएमा विशेष सुरक्षा अपरेशन सञ्चालन गरेर पक्राउ गर्ने योजना बनाएको छ।

## चोरिएका सामग्री फिर्ता गर्न मुख्यमन्त्री कार्यालयको आग्रह

पोखरापत्र संवाददाता
पोखरा, ३० भाद्र

जेन्जी प्रदर्शनका क्रममा गण्डकी प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसहित विभिन्न मन्त्रालय, आयोग, निकाय, कार्यालय र आवासबाट लुटपाट गरिएका सामग्री फिर्ता गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले अनुरोध गरेको छ।

कार्यालयले सोमबार सार्वजनिक सूचनामार्फत यही भदौ २४ गते आगजनी तथा तोडफोड गरी लुटिएका सवार िसाधन, टेलिभिजन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, फर्निचरलगायत सामग्री सम्बन्धित निकाय वा नजिकको प्रहरी कार्यालयमा बुझाउन आग्रह गरेको हो । कार्यालयले सामान फिर्ता गर्नेको पहिचान गोप्य राखिने जनाएको छ।

लुटपाट गरिएका सामग्री लुकाएर राखिएका स्थान पहिचान गर्ने काम भइरहेको र त्यस्ता सामग्री फिर्ता नगरेमा सम्बन्धित व्यक्तिलाई प्रचलित कानुनबमोजिम अनुसन्धानको दायरामा ल्याई कारबाही प्रक्रिया अगाडि बढाइने जनाइएको छ।

## आँसुदेखि एकतासम्म वडा १३ को सरसफाई यात्रा

पोखरापत्र संवाददाता
पोखरा, ३० भाद्र

काठमाडौंबाट पोखराको एयरपोर्ट भरे वडा अध्यक्ष किरण वराल । जहाजबाट तल झर्दै थिए मनमा वडाको पिरै पिरले विक्षिप्त मनलाई समाल्दै अर्जुन दृष्टि बन्यो वडा १३ ।

मन समाल्दै वडा १३ को गेट अगाडि उभिएका थिए। अध्यक्षका आँखा एकाएक रसाए । भत्किएको संरचना, टुटेका झ्याल र धुँवाले पुरै भवन कालम्मे। भत्किएको वडा कार्यालयको भग्नावशेष अगाडि उभिएका वडा अध्यक्षको खुट्टा काम्न थाले । आँखामा आँसु पहिरो गयो। आँसु देख्दा धेरैलाई लाग्यो, यो व्यक्तिगत पीडाको भिल्को हो।

तर वास्तवमा त्यो आँसु स्थानीय प्रशासनप्रति जिम्मेवारी, नागरिकप्रतिको माया र भविष्यप्रतिको दृढताको प्रतीक थियो । त्यतिकैमा वडा अध्यक्ष मनिलो अनुहारले घर गए । एक्लैले त के गर्न सकिन्छ र ? आफ्नै वडाका प्रिय जनताको यादले एकोहोरो बनायो अध्यक्ष किरणलाई । बिस्तारै आँफुलाई समाल्दै जसरी पनि वडा त सर सफाई गर्नु छ भनि सम्पूर्ण टोलवासी तथा समाजसेवीहरुलाई



सक्रिय सहभागिताको लागि फेसबुकमा सूचना पोष्ट गरे । वडा कार्यालय भदौ २४ गते प्रदर्शनकारीहरुले जलाए पछि सरसफाइको अनुरोध गर्दै पोष्ट गरेका हुन् । वडा जलेको दिन पुगेका निवर्तमान वडा अध्यक्ष दर्शन लामाको मुटुको धड्कन पनि छिटो छिटो चल्न थाल्यो।

उता आगो दन दनी कुनामा लामाको मुटु जल्यो सनसनी । गर्न केही नसके पनि पोलेको मनलाइ पनि समाल्न सकेका थिएनन् । मन पनि कसरी समाल्नु आफ्नो कार्यकालमा निर्माण गरेको भवन जल्दा कस्को मन समालिन्छ र ? त्यसैगरी वडा न १३ कै वडा सदस्य सुचित तामाङ जले पछिको भवनमा एक विहानै पाइला टेकिन्। हेर्दै थिइन जलेको भवन बरबरी भरे आँसु तर गेटको छेउपरि सलको फेरोले बारम्बर आँसुलाई व्यवस्थापन गरिन् । बाबु मलाई जीवनमा धेरै समस्या आइपरे तर यो जस्तो पिडा मलाई कहिले परेन मलाई त घुमाउला जस्तो भयो भनिन् । म नजिकै भएकोले भाउजु नआतिनु अव एक छिन आरम गर्नु भनेर कुनातिर लगेर बसाएँ । जनप्रतिनिधि मात्र नभै वडा १३ मा बसोबास गर्ने सबैलाई रुवाए पनि सोमवार सर सफाईमा उल्लेखनीय सहभागिता रह्यो । दिदी वहिनीहरु, दाजुभाइहरु, बाबा आमाहरु, वडा १३ का टोलविकास संस्था, आमा समूह लगायत शुभचिन्तकहरुको बाक्लो उपस्थित रहेको थियो । बिहानै देखीको सबैको सहयोगले गर्दा वडाको आफ्नो रुप देखियो। वडाको भवन जल्दा भवन मात्र नभै वडा भित्र रहेका घर नक्साका पुरानो किताव, स्थायी अस्थायी सम्पन्न कागज पत्र, भुमिहिनका कागजपत्र लगायतका महत्वपुर्ण कार्यालयमा हुने धेरै जसो कागजपत्र जलेर नष्ट भएका छन्। जलेर नष्ट भएको फोहोरलाई सफा गर्न सबैका हातमा पञ्जा र कुचो । कोही सरसफाइमा । कोही ढुंगा उठाउँदै, कोही जलेका फलाम टिप्दै, भारपात सफा गर्दै, कोही धुँवाको थुप्रो बोरामा राख्दै, कोही भरिएको बोरा फोहर फाल्ने गाडीमा राख्दै । सबैको सहयोगले सफा बन्यो वडा नं १३ ।

स्थानीयको सामूहिक प्रयासले वडा सफा मात्र नभै आपसी सम्बन्धलाई अझ बलियो बनाएको छ । "हाम्रो वडा हामी आफैं बनाउँछौ " भन्ने सन्देशले मानिसलाई एउटा साझा धागोमा बाँदिएको छ। यो घटनाले एउटा कुरा स्पष्ट पार्छ–संकटले आँसु ल्याए पनि, एकताले पुनःनिर्माणको बाटो देखाउँछ । अझ भत्किएको भित्ताभित्र लुकेको आँसु समुदायलाई एकतामा बाँध्ने ऐतिहासिक क्षण बनिसकेको छ । आँसुले भिजेको आँखाबाट सुरु भएको यो यात्रा केवल पुनर्निर्माणको होइन, साझा आत्मबल र भविष्य निर्माणको यात्रा हो ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरामा जारी नेपाल खुला स्नुकर प्रतियोगितामा फुर्वा दोर्जे शेर्पा र वाङ्चु तामाङ भिड्ने

**पोखरापत्र संवाददाता**
पोखरा, ३० भाद्र

खेलकुदको शहर पोखरामा जारी दोस्रो संस्करणको नेपाल खुला स्नुकर प्रतियोगिता-२०८२ को उपाधिको लागि काठमाण्डौंका फुर्वा दोर्जे शेर्पा र वाङ्चु तामाङ भिड्ने भएका छन् ।

पोखरा-१७ ड्यामसाइडस्थित फाइनल स्कोर स्पोर्ट्स बारमा सोमबार भएको पहिलो सेमिफाइनल खेलमा काठमाण्डौंका शेर्पाले हेटौडाका नितेश खण्डवाललाई ५-१ को सेटमा पराजित गर्दै फाइनलमा यात्रा तय गरे ।



अर्को खेलमा काठमाण्डौंकै तामाङले पोखरेली खेलाडी विकास मर्हजनलाई ५-२ को सेटमा पराजित गर्दै फाइनलमा यात्रा सुनिश्चित गरे । फाइनल खेल मंगलबार बिहान १०:०० बजे पछि हुने भएको प्रतियोगिताका संयोजक सोम बि.क.ले बताए । पोखरा ड्यामसाइडमा रहेको फाइनल स्कोर स्पोर्ट्स बार प्रा.लि.को आयोजनामा र कास्की बिलियार्ड स्नूकर तथा पुल संघको विशेष सहयोगमा पुनः दोश्रो पटक उक्त प्रतियोगिता पोखरामा भदौं १७ गते देखि सुरु भएको हो । पोखरा महानगरको प्रबर्द्धनमा संचालन भएको प्रतियोगितामा देशभरबाट १ सय ३६ जना खेलाडीको सहभागि भएको प्रा.लि.का संचालक प्रताप गुरुङले बताए । प्रतियोगिताको विजेताले नगद २ लाख २ हजार २ सय २ रुपैया सहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने भएको छ भने उपविजेता हुनेलाई ८० हजार प्रदान गरिने भएको छ । सेमिफाइनलमा प्रवेश गर्ने दुई खेलाडीलाई भने जनही २५ हजार प्रदान गरिने भएको छ। प्रतियोगितामा हाइएस्ट ब्रेकरलाई २० हजार र प्रत्येक खेलमा सेन्चुरी ब्रेक गर्ने खेलाडीलाई ७ हजार ५ सय रुपैया प्रदान गरिने भएको छ।

# कोरला नाकाबाट एक सय बढी विद्युतीय सवारी आयात

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ३० भाद्र

मुस्ताङको लोमान्थाङस्थित कोरला नाकाबाट १०० बढी विद्युतीय सवारी आयात गरिएका छन् । भन्सार विभागको प्रक्रिया पुऱ्याइ चीनबाट आयात गरिएका ती सवारी हाल भन्सार कार्यालय न्हेचुङमा राखिएका छन् ।

मुस्ताङ भन्सार कार्यालयले कोरलानाकाबाट करिव ५०० बढी बीवाइडी कम्पनीका सवारी आयात गरिने जनाएको छ । आठ दिन अघि मात्रै खुल्ला गरिएको यस नाकाबाट हालसम्म १०० बढी विद्युतीय सवारी भित्रिएको प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालले जानकारी दिनुभयो ।

यसअघि ती विद्युतीय सवारी रसुवागढी र तातोपानी नाकाबाट आयात गर्ने तयारी थियो । तर, त्यहाँका नाका बाढी पहिरोका कारण अवरुद्ध भएपछि कोरलानाका वैकल्पिक रूपमा प्रयोग गरिएको हो । "भन्सार कार्यालयका अनुसार कोरलानाकाबाट ५०० भन्दाबढी ईभी ल्याउने जनाइएको छ," उहाँले भन्नुभयो, "चिनियाँ भन्सारमा जाँचपास भएपनि नेपाली भन्सारले पनि जाँचपास गर्छ ।" चीनबाट आयात गरिएका विद्युतीय सवारीका लागि चार्जिङ स्टेशन प्रमुख समस्या रहेको मुस्ताङ भन्सार कार्यालय प्रमुख रमेश खड्काले जानकारी दिनुभयो ।



यस नाकाबाट गाडीसहित पर्व लक्षित लत्ता कपडा, विद्युतीय र कस्मेटिक सामग्री आयात गर्ने तयारी गरिएको छ।

चिनियाँ भन्सारमा जाँचपास भई नेपाल भित्रिएका केही मझौला मालवाहक कन्टेनर न्हेचुङ आइपुगेका छन् ।

मालवस्तु ढुवानीका लागि ७० देखि ८० वटा मझौला कन्टेनर बेनी-जोमसोम-कोरला सडक हुँदै कोरलानाका आइपुगेको भन्सार प्रमुख खड्काले बताउनुभयो ।

# स्याङ्जाका पालिकाद्धारा सेवा सुचारु

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ३० भाद्र

जेएनजी आन्दोलनका क्रममा देशभर भदौ २३ र २४ गते ठूलो संख्यामा भएको हताहतीले स्याङ्जा पनि अछुतो रहेन । यही कारण बुधबारदेखि अनिश्चितकालीन बन्द र बिदा घोषणा गरेका स्याङ्जाका छ पालिका आइतबारदेखि पुनः सञ्चालनमा आएका छन् ।

बन्दको घोषणा गर्नेमा गल्याङ, भीरकोट र वालिङ नगरपालिका साथै हरिनास, बिरुवा र कालीगण्डकी गाउँपालिका रहेका थिए । पालिकाहरूले विज्ञप्ति जारी गर्दै वडा कार्यालयदेखि शैक्षिक संस्था र सम्पूर्ण संघ-संस्था अर्को सूचना नआएसम्म बन्द रहने जनाएका थिए । तर, परिस्थिती क्रमशः सामान्य बन्दै गएपछि आइतबारदेखि उनीहरुले सेवा प्रवाह सुचारु गरेका हुन् ।

आन्दोलनका कारण बन्द भएका पालिकाले आइतबारदेखि सेवा प्रवाह पुनः सुचारु गरेको गल्याङ नगरपालिकाका नगर प्रमुख गुरु भट्टराईले बताए । आन्दोलनलाई मध्यनजर गरेर जिल्लामा मानविय र धनजनको क्षति हुन नदिन बन्द गरेको पालिका सेवामा फर्किएको उनले बताए ।

जिल्लाका पुतलीबजार, चापाकोट नगरपालिका र आँधीखोला, अर्जुनचौपारी र फेदीखोलाले आफ्नो सेवालाई निरन्तर राखेका थिए । आन्दोलन पछिको जनजीवन सामान्य बनेपछि सेवाग्राहीलाई सेवा प्रवाह गरिएको हो । युवा पुस्ता 'जेएनजी' ले सुरु गरेको शान्तिपूर्ण प्रदर्शनले हिंसात्मक रूप लिएसँगै ५ दिनदेखि अशान्त बनेको स्याङ्जाको जनजीवन सामान्य बनेको छ । सदरमुकामको पुतलीबजार, वालिङ, गल्याङ, चापाकोट, मिर्मि, फेदीखोला, बयरघारीका पसलहरु पूर्ण रुपमा खुलेका छन् भने सार्वजनिक र नीजि सवारी साधनहरु निर्वाध रुपमा चलेका छन् । यसैबीच, स्याङ्जामा पनि जेएनजी आन्दोलनका प्रदर्शन भए पनि ठूला र अप्रिय घटना भने नभएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । जिल्ला सदरमुकाम पुतलीबजारमा प्रदर्शनका क्रममा जिल्ला प्रशासन कार्यालय, पुतलीबजार नगरपालिकाको कार्यालय, नेकपा एमाले र नेपाली काँग्रेसको जिल्ला कार्यालयका सिसा फुटाइएका थिए ।

सामान्य क्षति भए पनि आन्दोलन तुलनात्मक रूपमा शान्तिपूर्ण रहेको प्रहरीले जनाएको छ। देशभरको तुलनामा स्याङ्जाका जेएनजीले अपेक्षाकृत संयमता अपनाएको देखिएको छ। सामान्य प्रदर्शनले ठूलो क्षति नभएको प्रहरीको भनाई छ।

# 'जेनजी' आन्दोलनमा सहादत प्राप्त गरेकालाई सहिद घोषणा गर्ने सरकारको निर्णय

**रासस**
काठमाडौं, ३० भाद्र

सरकारले यही भदौ २३ र २४ गते भएको 'जेनजी' आन्दोलनका क्रममा निधन भएका व्यक्तिलाई सहिद घोषणा गर्ने निर्णय गरेको छ।

नवगठित मन्त्रिपरिषद्को आज बसेको पहिलो बैठकले सहादत प्राप्त गर्नेलाई राष्ट्रिय सम्मानसहित राष्ट्रिय झण्डा ओढाउने र अन्त्येष्टि गर्ने निर्णय गरेको गृहमन्त्री ओमप्रकाश अर्यालले जानकारी दिनुभयो ।

यसैगरी आन्दोलनका क्रममा सहादत प्राप्त गर्ने व्यक्तिको सम्मानमा आगामी असोज १ गते शोक दिवस मनाउने र सार्वजनिक बिदा दिने निर्णय भएको छ । सरकारले सहिदका परिवारलाई क्षतिपूर्तिबापत नियमित दिँदै आएको रु १० लाख र अन्य खर्चबापत थप रु पाँच लाख थप गरी रु १५ लाख सहयोग गर्ने निर्णय गरेको उहाँले बताउनुभयो ।

उक्त रकम अर्थ मन्त्रालयले गृह मन्त्रालयलाई उपलब्ध गराउने र सम्बन्धित जिल्ला प्रशासन कार्यालयमार्फत सम्बन्धित परिवारलाई प्रदान गरिने छ।

बैठकले घाइतेको निःशुल्क उपचार, शव सम्बन्धित स्थानमा लैजानुपरेमा निःशुल्क व्यवस्था र दाहसंस्कारमा सघाउने निर्णय गरेको छ । बैठकले आन्दोलनका क्रममा भएको जनधनको क्षति र ज्यादतीको छानबिन गर्न पूर्वन्यायाधीशको संयोजकत्वमा उच्चस्तरीय जाँचबुझ आयोग गठन गर्ने सैद्धान्तिक निर्णय गरेको गृहमन्त्री अर्यालले जानकारी दिनुभयो । सोही आयोगको प्रतिवेदनका आधारमा आवश्यक काम गरिने उहाँको भनाइ छ।

यसैगरी सहादत प्राप्त गर्ने सहिदको स्मरणमा 'जेनजी जागरण स्मारक पार्क' निर्माण गर्ने निर्णय भएको छ।

बैठकले अघिल्लो मन्त्रिपरिषद् बैठकमा पेस भएका तर निर्णय नभएका सबै प्रस्ताव सम्बन्धित मन्त्रालयमा फिर्ता पठाउने निर्णयसमेत गरेको गृहमन्त्री अर्यालले जानकारी दिनुभयो ।

# सार्वजनिक सेवा सहज बन्दै

**पोखरापत्र संवाददाता**
पोखरा, ३० भाद्र

जेनजी आन्दोलनका कारण प्रभावित बनेको सार्वजनिक सेवा बिस्तारै सञ्चालन हुन थालेको छ । अदालतलगायत सरकारी निकाय र कार्यालयबाट प्रवाह हुने सेवालाई पूर्ववत् रूपमा सञ्चालन गर्ने प्रयास भइरहेको हो ।

जिल्ला प्रशासन कार्यालय, कास्कीले आइतबारदेखि मुद्दा, शान्तिसुरक्षा र विपद् व्यवस्थापनलगायत अत्यावश्यक सेवा सञ्चालन गरिएको जनाएको छ । नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्रलगायत अन्य सेवालाई क्रमिक रूपमा सञ्चालन गरिने भएको हो ।

जेन्जी आन्दोलनका क्रममा यही भदौ २४ गते भएको आगजनी र तोडफोडका कारण क्षति पुगेको कार्यालयमा सामान्य मर्मतसम्भार गरी अत्यावश्यक सेवा सञ्चालन गरिएको हो । विषम् परिस्थितिका कारण कार्यालयबाट प्रवाह हुने सेवाको प्राप्तिमा धैर्य गरिदिन कार्यालयले सार्वजनिक सूचनामार्फत सर्वसाधारणलाई अनुरोध गरेको छ ।

आगजनीबाट जिल्ला प्रशासन कार्यालयका फर्निचर, कम्प्युटरलगायत महत्त्वपूर्ण जलेर नष्ट भएको जनाइएको छ । नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्रलगायतसँग सम्बन्धित सम्पूर्ण अभिलेख पनि जलेको कार्यालयले जनाएको छ । पोखरामा रहेका अधिकांश सरकारी कार्यालयमा आगजनी गरिएको थियो । उच्च अदालत पोखरा, बागलुङ इजलासले पनि सोमबारदेखि मुद्दाको सुनुवाइलगायत अदालतको नियमित कामकारबाहीलाई नियमित रूपमा सञ्चालन गरिने जनाएको छ । जेनजी आन्दोलनका कारण यही भदौ २५ गते सूचना जारी गर्दै अदालतले बन्दी प्रत्यक्षीकरणको निवेदनबाहेक अन्य मुद्दाको सुनुवाइ स्थगित गरेको थियो ।

अदालतका रजिष्ट्रार रामबहादुर क्षेत्रीले सोमबारदेखि साप्ताहिक पेसी सूचीमा चढाउनुपर्ने मुद्दाबाहेक अन्य मुद्दाको सुनुवाइ नियमित सञ्चालन हुने जानकारी दिनुभयो । जेन्जी आन्दोलनका कारण उत्पन्न विषम परिस्थितिका कारण केही दिन अदालतको सेवा प्रवाह प्रभावित भएको थियो । पोखरा महानगरपालिकालगायत स्थानीय तहले पनि अत्यावश्यक सेवा प्रवाह गर्न सुरु गरेका छन् । अन्य सरकारी कार्यालयले पनि बिस्तारै सेवा प्रवाहलाई सहज बनाउने प्रयासमा छन् । गण्डकी प्रदेशका कतिपय स्थानीय तहमा आइतबारदेखि नै विद्यालय सञ्चालनमा आएका छन् । पोखरा महानगरपालिकाका विद्यालय भने आगामी असोज १ गतेदेखि सञ्चालन गर्ने निर्णय नगर कार्यापालिकाको बैठकले गरेको छ । आन्दोलनका कारण विद्यालयहरूले लिने परीक्षा भने पछाडि सारिएको छ। शनिबारदेखि कर्फ्यू र निषेधाज्ञा हटेपछि जनजीवन सामान्य बनेको छ। सार्वजनिक यातायात पनि सञ्चालनमा आएको छ।

# पोखरामा सोमबारदेखि सहुलियत छुट मूल्य पसल

**पोखरापत्र संवाददाता**
पोखरा, ३० भाद्र

पोखरामा सोमबारदेखि चाडपर्व लक्षित सहुलियत पसल सञ्चालन हुने भएको छ । नजिकिँदै गरेका दसैं, तिहार तथा छठ पर्वलाई लक्षित गरी आजदेखि कात्तिक १० गतेसम्मका सहुलियत पसल सञ्चालन गर्न लागिएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड गण्डकी प्रदेश कार्यालय, पोखराका प्रमुख कौशल घिमिरेले जानकारी दिनुभयो ।

उहाँका अनुसार पोखराको विरौटास्थित प्रादेशिक कार्यालयमा बिहान १०:०० देखि दिउँसो ५:०० बजेसम्म सहुलियत पसल सञ्चालन हुनेछ । कार्यालयले सहुलियतस्वरूप प्रतिकिलो रु पाँच छुटसहित स्टिम जिरा मसिनो चामल प्रतिकिलो रु ८३, अरुवा सोना मनसुली चामल प्रतिकिलो रु ५९, स्टिम जिरा मसिनो चामल (एफआर) प्रतिकिलो रु ८५, अरुवा सोना मनसुली चामल (एफआर) प्रतिकिलो रु ५९, चिनी प्रतिकिलो रु ९५ र जेठो बुढो चामल प्रतिकिलो रु २४५ मा उपलब्ध गराउने जनाइएको छ ।

त्यस्तै प्रतिकिलो रु १० छुटसहित अरुवा बास्मती चामल प्रतिकिलो रु १२०, चिनो प्रतिकिलो रु २५५, कागुनो प्रतिकिलो रु २५५ र जुम्ली मार्सी प्रतिकिलो रु २२५ मा उपलब्ध गराइने उहाँले जानकारी दिनुभयो ।

# साफ यू-१७ च्याम्पियनसिपमा नेपाल विजयी

**रासस**
काठमाडौं, ३० भाद्र

श्रीलङ्काको राजधानी कोलोम्बोमा भएको साफ यू-१७ च्याम्पियनसिपमा नेपालले घरेलु टोली श्रीलङ्कालाई पराजित गर्दै विजयी भएको छ।

कोलोम्बोस्थित कोलोम्बो रेसकवर्समा सोमबार भएको समूह ए अन्तर्गतको खेलमा नेपालले श्रीलङ्कालाई २-० गोलअन्तरले पराजित गरेको हो। नेपालको जितमा दुवै गोल समिर कुमारले गरे । उनले खेलको ५२औं मिनेटमा गोल गर्दै नेपाललाई पहिलो अग्रता दिलाए । खेलको दोस्रो हाफको 'इन्जुरी' समयको तेस्रो मिनेटमा समिरले गोल गर्दै नेपाललाई २-० को जित दिलाए। नेपालले अब दोस्रो खेल आगामी असोज २ गते बङ्गलादेशसँग खेल्नेछ।


## आत्महत्या समस्याको समाधान होइन ।

आत्महत्याका प्रमुख कारणः
- मानसिक तनाव, डिप्रेशन वा निराशा,
- पारिवारिक झगडा वा सम्बन्ध विच्छेद र प्रेममा असफलता,
- बेरोजगारी, आर्थिक संकट र ऋण लाग्नु,
- हिनताबोध, आवेश र घुर्की देखाउनु,
- व्यक्तिगत र पारिवारिक इच्छा, आकांक्षा पूर्ती हुन नसक्नु,
- सोचे अनुसार सफलता प्राप्त नहुनु,
- सामाजिक बहिष्कार वा दुव्यवहार आदि ।

रोकथामका उपायः
- आफन्त, साथी वा विश्वासिलो व्यक्तिसँग समस्या साटासाट गरौं,
- तनाव वा समस्या परेमा मनोचिकित्सक वा परामर्शकर्ताको सहयोग लिऔं,
- आत्महत्याको सोच आएमा तत्काल परिवारका सदस्यलाई बताऔं वा सहायता केन्द्रमा सम्पर्क गरौं,
- तनाव र निराशामा रहेका व्यक्तिको समस्या सुनौं र सहयोग गरौं ।

"एक-अर्काको सहारा वनौ, आत्महत्या होइन समाधान खोजौं"

नेपाल सरकार
विज्ञापन बोर्ड





फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक श्रद्धाञ्जली



**जन्मः**
**वि.स. २०१० असोज ५ गते**

**स्वर्गारोहणः**
**वि.स. २०८२ भाद्र २० गते**

## स्वः गोमादेवी सुवेदी

हाम्री प्रातः स्मरणीय धर्मपत्नी/आमा/हजुरआमा गोमादेवी सुवेदी ७२ वर्षको उमेरमा ब्रह्मलीन हुनु भएकोमा हामी मर्माहत एवम् स्तब्ध भएका छौं । आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति तथा बैकुण्ठवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा हामीप्रति श्रद्धाभाव राखी सहानुभूति एवम् समवेदना प्रकट गर्नुहुने सम्पूर्ण इष्टमित्र, कुलकुटुम्ब, छरछिमेकी, संघ संस्था एवम् शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

**पतिः उमनाथ सुवेदी**
**छोरा/बुहारीः**
**शुक्रराज/रीता सुवेदी**
**छोरी ज्वाइँः**
**स्व. शारदा (शान्ति)/कृष्णप्रसाद सापकोटा**
**बहिनीः लक्ष्मी सुवेदी**
**छोरा/बुहारीः**
**प्रकाश/ज्योति सुवेदी**
**सन्तोष/ज्ञानु सुवेदी**
**रमेश/ कृष्ण सुवेदी**
**विनोद सुवेदी**
**छोरी/ज्वाइँः**
**सिर्जना/भोजबहादुर क्षेत्री**
**सम्झना/सुवास महत**
**मञ्जु/सूर्य थापा**
**अञ्जना क्षेत्री**
**छोरातर्फ नातिः अंकित सुवेदी**
**नातिनीः अनुस्का सुवेदी**
**छोरी तर्फ नातिः सौरभ सापकोटा**
**नातिनी/ज्वाइँः**
**सुस्मिता/उपेन्द्र पंगेनी**
**सुजता/ऋषिराम पौडेल**
**बहिनी तर्फ नाति/नातिनीः विपना, समिक्षा, विवेक, मनिषा, युविन, ऋतिक, प्रकृति, समिर, सुप्रिया**
**पनातिहरूः आरूष, रियान्स, आरभ, श्रीयान्स**

**पूनश्चः मिति २०८२ भाद्र ३१ गते मंगलबार हुने शुद्धाशुद्धि कार्यक्रममा सहभागी भई गहुँत तथा पितृप्रसाद ग्रहणको लागि उपस्थित भइदिनुहुन इष्टमित्र, कुलकुटुम्ब, बन्धुबान्धव विभिन्न संघसंस्था सबैमा हार्दिक अनुरोध गर्दछौं । समयः बिहान ९ः ०० बजेदेखि स्थानः निजी निवास पोखरा-११ फूलबारी**